**नेपाल सरकार**

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

**लाजिम्पाट, काठमाडौं**

## आय विवरण दाखिला गर्ने म्याद थप सम्बन्धी सूचना

आयकर ऐन,२०५८ को दफा ९६(१) मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा दफा ९७, ९८ र १०० को अधिनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा ९८ मा दफा ९६ बमोजिम आय विवरण दाखिला गर्नु पर्ने कुनै व्यक्तिले त्यस्तो विवरण दाखिला गर्ने म्यादभित्र विभाग समक्ष थप म्यादको लागि लिखित निवेदन दिएमा मनासिव माफिकको कारण भएमा विभागले एकै पटक वा पटक पटक गरी बढीमा तीन महिनासम्म म्याद थप गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ । उल्लिखित व्यवस्था बमोजिम विभागको कम्प्यूटर प्रणाली (Integrated Tax System) मा करदाताले बढीमा तीन महिनासम्मको म्याद थप माग गरेमा स्वचालित रुपमा म्याद थप हुने विद्यमान व्यवस्थाले वित्तिय विवरण तयार गर्नु नपर्ने डे.०१ आय विवरण र डे.०२ आय विवरण दाखिला गर्ने करदाताहरु र कारोवार नभएका निकायहरुले पनि म्याद थप लिने गरेकोले पौष मसान्तमा विभागको कम्प्यूटर प्रणालीमा बढी भार पर्न गएको हुँदा आय विवरण दाखिला गर्ने म्याद थपका सम्बन्धमा यस विभागको मिति २०८१/०६/०४ को निर्णयानुसार तपशिल बमोजिम गर्ने गरी विभागको एकिकृत कर प्रणालीमा व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

१.वार्षिक रु.१ करोडसम्म कारोवार गर्ने एकलौटी फर्म र शुन्य कारोवार भएका निकायहरुको सम्बन्धमा आय विवरण दाखिला गर्ने म्याद थप नहुने ।

२. वार्षिक रु.२५ करोडसम्म कारोवार भएका निकाय र अन्य करदाताहरुको सम्बन्धमा मंसिर मसान्तसम्म मात्र म्याद थप हुने ।

३. वार्षिक रु.२५ करोडभन्दा बढीको कारोवार गर्ने करदाताहरुको सम्बन्धमा पौष २० गतेसम्म मात्र म्याद थप हुने ।